# २०८१ असार १७ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ असार २४ देखि साउन ३ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्को संयोजनमा दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनैतिक संयन्त्रको बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्य प्रा.डा. संगिता सिंह र सचिवसमेतको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वैदेशिक रोजगार न्यायाधिकरणको सदस्यमा सहन्यायाधिवक्ता श्री रामकुमार थापालाई तोक्ने। |
| ३ | अर्थ मन्त्रालय | जापान सरकारबाट मानव संशाधन विकासका लागि छात्रवृत्ति आयोजनाको लागि प्राप्त हुने जापानी येन ४५४ मिलियन (करिब रु. ३८ करोड २२ लाख) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | बलेफी कोरिडोर १३२ के.भी. आयोजनाको प्रसारणलाइनको केन्द्र रेखाबाट दायाँ ९ मिटर र बायाँ ९ मिटर गरी जम्मा १८ मिटर अधिकार क्षेत्र (Right of Way-RoW) भित्र पर्ने निजी जग्गा र सोभित्र रहेका संरचनाको क्षतिपूर्ति निर्धारण गर्न विद्युत क्षतिपूर्ति निर्धारण समितिको अध्यक्ष र विज्ञ सदस्य तोक्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | रानी जमरा कुलरीया सिँचाइ आयोजनाको लम्की विस्तार तथा शाखा र प्रशाखा नहरहरूको निर्माण कार्यको लागि जग्गा प्राप्ति गर्ने। |
| ६ | गृह मन्त्रालय | अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या समाधान गरी सिफारिस गर्न गठन भएको जाँचबुझ आयोगको म्याद २०८१/६/१५ गतेसम्म थप गर्ने। |
| ७ | गृह मन्त्रालय | बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्अन्तर्गत रहेका जग्गा तथा अन्य सम्पत्ति संरक्षण गरी साबिककै अवस्थामा फिर्ता ल्याउने सम्बन्धमा पूर्वसचिव श्री रामप्रसाद थपलियाको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय छानबिन समिति गठन गर्ने। |
| ८ | गृह मन्त्रालय | संयुक्त राज्य अमेरिकामा सञ्चालन हुन गइरहेको राष्ट्रपतीय निर्वाचनको अवलोकनका लागि २०८१ कात्तिक १८ देखि २१ सम्म माननीय प्रमुख निर्वाचन आयुक्तको नेतृत्वमा माननीय निर्वाचन आयुक्तद्वय श्री राम प्रसाद भण्डारी र डा. जानकी कुमारी तुलाधरसमेतको संयुक्त राज्य अमेरिका भ्रमण स्वीकृत गर्ने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | तमोर कोरिडोरअन्तर्गत धनकुटा जिल्लास्थित चतरा- लेगुवाघाट सडक खण्ड निर्माणका लागि साँगुरीगढी गाउँपालिका, सहिदभूमि गाउँपालिका |

| | | |
|---|---|---|
| | | तथा पाखीवास नगरपालिकामा रहेको राष्ट्रिय वनको १३५.७७ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| १० | वन तथा वातावरण मन्त्रालय | बुर्तिवाङ-पौदी-अमराई-तम्घास-गोरुसिंगे १३२ के.भी. प्रसारणलाइन आयोजना निर्माणको लागि गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका, मुसीकोट नगरपालिका, इस्मा नगरपालिका एवं अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका, छत्रदेव गाउँपालिका र बाग्लुङ जिल्लाको वडिगाड गाउँपालिकामा रहेको राष्ट्रिय वनको २५.१३१२ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| ११ | वन तथा वातावरण मन्त्रालय | जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडलाई जडीबुटी भण्डारण तथा प्रशोधन एकाइ स्थापना तथा सञ्चालनका लागि गोरखा जिल्लामा ०.८३ हेक्टर राष्ट्रिय वनको जग्गा भोगाधिकार दिने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | सुपर घलेम्दी जलविद्युत आयोजना निर्माणको लागि अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गतको राष्ट्रिय वनको ४.२ हेक्टर २५ वर्षसम्म जग्गा प्रयोग गर्न दिने। |
| १३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१ असार २५ देखि साउन ४ सम्म संयुक्त राज्य अमेरिकामा हुने Visit of hospitals in Colorado, USA for the improvement of healthcare services in Nepal भ्रमण कार्यक्रममा सहभागी हुन जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकका प्रमुख श्री दिपक कुमार गौतमलाई स्वीकृति प्रदान गर्ने। |
| १४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१ असार २४ देखि २८ सम्म स्वीट्जरल्याण्डको जेनेभामा हुने संयुक्त राष्ट्रसंघ आदिवासी जनजाति अधिकारसम्बन्धी विशेषज्ञ संयन्त्रको १७ औं सेसनमा सहभागी हुन आदिवासी जनजाति आयोगका माननीय अध्यक्ष श्री राम बहादुर थापामगरलाई स्वीकृति प्रदान गर्ने। |
| १५ | राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष, सदस्य तथा सदस्य-सचिव नियुक्ति तथा मनोनयनसम्बन्धी निर्देशिका स्वीकृत गर्ने। | |
| १६ | धितोपत्रसम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। | |
| १७ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। | |
| १८ | Review and Appraisal of the Implementation of the Beijing Declaration and Platform for Action (Beijing+३० review) का लागि तयार पारिएको राष्ट्रिय प्रतिवेदन United Nations Economic and Social Commission for Asia and Pacific (UNESCAP) मा पठाउन स्वीकृति दिने। | |
| १९ | नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। | |

| | |
|---|---|
| २० | सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) स्वीकृत गर्ने। |

## २०८१ असार २० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ असार २४ देखि साउन ३ गते सम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्को संयोजनमा दिगो विकाससम्बन्धी उच्चस्तरीय राजनीतिक संयन्त्र को बैठकमा २०८१ असार २४ देखि साउन १ सम्मको लागि सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयाललाई स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | भारतको नयाँ दिल्लीमा हुने "16th ASOSAI Assembly and 9th ASOSAI Symposium" विषयक कार्यक्रममा माननीय महालेखापरीक्षक श्री तोयम राया र उपमहालेखापरीक्षक श्री बिन्दु बिष्टलाई मिति २०८१ असोज ५ देखि ११ सम्म सहभागी हुन स्वीकृति दिने। |
| ३ | अर्थ मन्त्रालय | चीन सरकारको अनुदान सहायतामा हिल्सा-सिमीकोट सडकखण्ड, कोरला नाका, मुस्ताङमा Inland Clearance Depot (ICD)/Integrated Check Post (ICP) र अरनिको राजमार्गको Maintenance and Slope Stabilization निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न प्राप्त भएका Letter of Exchange (LoE) हरुमा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न, अर्थ मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने। |
| ४ | उद्योग, वाणिज्य आपूर्ति मन्त्रालय | नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले एक सय एकासिऔं दिनदेखि लागु हुने गरी नेपाल गुणस्तर परिषद्बाट निर्धारण गरिएको नेपाल गुणस्तर ५९१:२०७७ वा नेपाल गुणस्तर ५९२:२०७७ बमोजिम उत्पादन भएको लेमिनेटेड बोरामा अनिवार्य रूपमा प्याकेजिङ गरी ५० के.जि. सिमेन्टको उत्पादन, भण्डारण, ओसारपसार तथा बिक्री वितरण गर्ने गरी तोक्ने। |
| ५ | उद्योग, वाणिज्य आपूर्ति मन्त्रालय | आर्थिक वर्ष २०८१/८२ को लागि मोटा धानको प्रति क्विन्टल रु. ३४१०।५१ र मध्यम धानको प्रति क्विन्टल रु. ३५८०।६२ न्यूनतम समर्थन मूल्य तोक्ने। (यस आ.व. ३१९८/ र ३३६२/ रहेको) |
| ६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मन्त्रालय | नेपाल संस्कृत विश्वविद्यालयको नाममा विभिन्न ठाउँमा रहेको तथा विश्वविद्यालयले प्राप्त गर्नुपर्ने जग्गाको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा छानविन एवं भवनलगायत अन्य अचल सम्पत्तिको खोज तथा लगत संकलन, संरक्षण, उपयोग, व्यवस्थापन र आवश्यक अन्य कार्यको लागि अध्ययन गरी ठोस प्रतिवेदन पेश गर्न पूर्व न्यायाधीश श्री शेखरप्रसाद पौडेलको संयोजकत्वमा समिति गठन गर्ने। |